मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप

वागमती प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२

०४८-५४०५९८

प.सं ०७८/०७९

च.नं

सबै वडा कार्यालयहरू

मन्थली नगरपालिका, रामेछाप ।

## आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम संचालन सम्बन्धी सूचना ।

सुचना प्रकाशन मिति : २०७८ /०६/२०

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश ,हेटौडा मकवानपुरको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अनुदानमा संचालन हुने भएकोले मन्थली नगरपालिकाभित्र स्थायी बसोवास भएका **भत्ता प्राप्त गर्न योग्य १८ वर्ष उमेर नपुगेका** बालबालिकाहरूले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले देहायका कागजातहरू सहित सूचना प्रकाशन भएको मितिले **३५ दिन भित्र ( २०७८ कार्तिक २५ गते सम्म )** यस नगरपालिका कार्यालयमा आवेदन दिनुहुन अनुरोध छ ।

**भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता**

१. आमा र बाबु दुबैको मृत्यु भएको वा दुवै बेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेखवाट बन्चित रहेको
२. १८ वर्ष उमेर पुरा नगरेको
३. ५ वर्ष पुरा गरेको बालबालिकाको हकमा बिद्यालयमा भर्नाभई नियमित बिद्यालय जाने गरेको
४. कुनै गैरकानूनी वा आपराधिक क्रियाकलापमा संलग्न नरहेको

**आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातहरू**

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी ( नेपाली नागरिकता बनेको भए नागरिकताको प्रतिलिपी )
२. बाबु र आमा दुबैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी वा बाबु र आमा दुवै बेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेखबाट बन्चितीमा परेको भन्ने सम्बन्धित वडाकार्यालयबाट सिफारिस भएको प्रमाणित प्रतिलिपी
३. विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र ( ५ वर्ष उमेर पुरा भएको बालबालिकाको हकमा मात्र )
४. संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
५. आ.व.२०७७/०७८ मा आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रमबाट लाभान्वित सम्बन्धित बालबालिकाहरूले समेत यस वर्ष भत्ता प्राप्त गर्नको लागी बाबु र आमा दुबैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी वा बाबु र आमा दुवै बेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेखबाट बन्चितीमा परेको भन्ने सम्बन्धित वडाकार्यालयबाट सिफारिस भएको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

लिलाराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत